कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७७/०७८

मितिः२०७७।०८।०८

## परीक्षा संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको परीक्षा बोर्डको वैठकको निर्णयानुसार यस परीक्षा नियन्त्रण कार्यालय, रामपुरद्वारा मिति २०७७।०८।२३ गते देखि संचालन हुने B.Sc.Ag., B.V.Sc.&A.H. र B.Sc.Fisheries पाचौं सेमेष्टरको नियमित तथा आंशिक परीक्षा संचालन गर्ने सन्दर्भमा परीक्षा संचालन हुने मितिबाट १५ दिन अघि देखि आ-आफ्नो परीक्षा केन्द्रबाट परीक्षा दिने नियमित परीक्षार्थीहरुले सो परीक्षा केन्द्रमा हुने प्रयोगात्मक परीक्षाको अन्तिम दिन र आंशिक परीक्षार्थीहरुले आफूले परीक्षा दिने बिषयको अन्तिम दिन सम्म कुनै परीक्षार्थीले COVID -19 को PCR Report Positive पुष्टि भएको कारणले COVID -19 को Report सहित नियमित तथा आंशिक परीक्षामा सम्मिलित हुन नसक्ने निवेदन यस परीक्षा नियन्त्रण कार्यालय, रामपुरमा पेश गरेमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा दिन छुट भएका विषयहरुको परीक्षा यस पटकको लागि मात्र पछि सूचना प्रकाशित गरी नियमित तथा आंशिक परीक्षा सरह नै मान्यता दिने गरी परीक्षाहरु लिने व्यवस्था गर्ने भन्ने निणर्य भएको हुँदा सम्बन्धित संकाय/कलेज तथा परीक्षार्थीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । COVID - 19 Positive भई परीक्षामा अनुपस्थित भएका परीक्षार्थीहरुले यस परीक्षा नियन्त्रण कार्यालय, रामपुर वा सम्बन्धित परीक्षा केन्दहरुमा मिति २०७७।०९।२३ गते सम्म कार्यालय समय भित्र अनिवार्य रुपमा निवेदन दिनु पर्नेछ । सम्बन्धित केन्द्राध्यक्षहरुले प्राप्त निवेदनहरु मिति २०७७।०९।२६ गते सम्म अनिवार्य रुपमा यस परीक्षा नियन्त्रण कार्यालय, रामपुरमा पठाई दिनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ । साथै उक्त मिति पछि प्राप्त भएका निवेदनहरु मान्य नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

...............................

प्रा.नारायण राज जोशी

परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**

कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

प.नि.का.च.नं........................२०७७/०७८

मिति:२०७७।०८।०८

## B.Sc. Ag. पाचौं सेमेष्टरको नियमित तथा आंशिक परीक्षर्थीहरुको लागि अत्यन्त जरुरी सूचना

यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको परीक्षा बोर्डको वैठकको निर्णयानुसार यस परीक्षा नियन्त्रण कार्यालय, रामपुरद्वारा मिति २०७७।०८।२३ गते देखि संचालन हुने B.Sc.Ag. पाचौं सेमेष्टरको नियमित तथा आंशिक परीक्षा स्वास्थ्य मापदण्ड सहित सामाजिक दुरी कायम गरी कृषि संकाय, रामपुर र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुञ्चौर परीक्षा केन्द्रहरुबाट परीक्षा संचालन गर्ने र सो परीक्षा केन्दहरु मध्ये परीक्षार्थीहरुलाई पायक पर्ने परीक्षा केन्द्रबाट यस पटकको लागि मात्र परीक्षा संचालन गर्ने व्यवस्था गर्ने निर्णय भएको हुँदा सम्बन्धित संकाय/कलेज तथा परीक्षार्थीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षार्थीहरुले आफूलाई पायक पर्ने परीक्षा केन्द्रबाट परीक्षा दिनको लागि सम्बन्धित केन्द्रका केन्द्राध्यक्षहरुलाई मिति २०७७।०८।१५ गते सम्म कार्यालय समय भित्र निवेदन पेश गर्नु पर्नेछ र सम्बन्धित केन्द्राध्यक्षले मिति २०७७।०८।१७ गते सम्म प्राप्त निवेदनहरु यस परीक्षा नियन्त्रण कार्यालय, रामपुरमा पठाई दिनु हुन यसै सूचनाद्वारा सूचित गराइन्छ। साथै तोकिएको अवधि भित्र परीक्षार्थीहरुले निवेदन नदिएमा सम्बन्धित (अध्ययनरत) संकाय/कलेजबाट मात्रै परीक्षा दिनु पर्ने जानकारी गराइन्छ।

...............................
प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक
परीक्षा नियन्त्रक

**प.नि.का.च.नं**.......................२०७७/०७८

मिति:.................

## परीक्षा केन्द्रको लागि दिने निवेदनको नमूना

श्रीमान् केन्द्राध्यक्षज्यू,
कृषि संकाय/प्राकृतिक स्रोत व्यवस्थापन कलेज
रामपुर, चितवन/ पुरुञ्चौर, कास्की ।

**विषय: परीक्षा केन्द्र बारे।**

महोदय,

प्रस्तुत विषयमा म श्री.............................................. B.Sc.Ag.पाचौं सेमेष्टर रामपुर/पुरुञ्चौरमा अध्ययनरत विद्यार्थी हुँ । हाल म बसिरहेको ठाउँबाट परीक्षा दिन पायक पर्ने परीक्षा केन्द्र कृषि संकाय, रामपुर चितवन/ प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुञ्चौर, कास्की भएको हुँदा मलाई सोही परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था मिलाई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक:

नाम र सही:

तह:

परीक्षा रोल नं.: